

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार

देशको आर्थिक सामाजिक विकासमा ५८ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष ३२ अंक ०१ साउन २०८१ Year 32 Vol 01 July/Aug. 2024

## राष्ट्रिय वाणिज्य बैंकको गत आ.व.को अपरिष्कृत वित्तीय विवरण सार्वजनिक

### ●खुद मुनाफा तीन अर्ब ३९ करोड ● निक्षेप चार खर्ब २९ अर्ब ● कर्जा दुई खर्ब ६० अर्ब

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईको आफ्नै बैंक

**काठमाडौं, २१ साउन**

नेपाल सरकारको स्वामित्व रहेको राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको आ.व.२०८०/८१ को चौथो त्रैमाससम्मको अपरिष्कृत वित्तीय विवरणहरु प्रकाशित भएको छ । बैंकले यस अवधिमा तीन अर्ब ३९ करोड रुपैंया खुद मुनाफा आर्जन गर्न सफल भएको छ। गत आ.व. को सोही अवधिमा बैंकको खुद मुनाफा तीन अर्ब ५९ करोड रुपैंया रहेको थियो। यस अवधिमा बैंकको कर्जा लगानीमा अपेक्षाकृत बृद्धि हुन नसक्नु तथा खुद ब्याज आम्दानी घटेकाले खुद मुनाफा घटेको हो।

आ.व. २०८०/०८१ को बैंकको खुद ब्याज आम्दानी १० अर्ब २३ करोड रुपैंया, कुल सञ्चालन आम्दानी ११ अर्ब ७७ करोड रुपैंया, खुद सञ्चालन नाफा(कर अघिको) पाँच अर्ब २० करोड रुपैंया, वितरणयोग्य मुनाफा ५८ करोड २१ लाख रुपैंया रहेको छ, कुल समग्र आम्दानी (Total Comprehensive Income) तीन अर्ब १२ करोड रुपैंया रहेको छ। २०८१ असार मसान्तमा बैंकको कुल निक्षेप चार खर्ब ३० अर्ब रुपैंया र खुद कर्जा तथा सापट दुई खर्ब ६० अर्ब रुपैंया पुगेको छ। अघिल्लो वर्षको सोही मितिको तुलनामा बैंकको निक्षेपमा ३३.३५ प्रतिशत र कर्जा तथा सापटमा ७.३८ प्रतिशतले वृद्धि भएको छ।

२०८१ असार मसान्तसम्ममा पुँजी कोष अनुपात (Capital Adequacy Ratio) ११.९१ प्रतिशत, कर्जा तथा निक्षेप अनुपात (CD Ratio) ६०.८२ प्रतिशत, आधार दर (त्रैमास औसत० ७.०१ प्रतिशत भएपनि असारको ६.७१ प्रतिशत रहेको छ। निष्क्रिय कर्जा अनुपात (NPA) ३.६५ प्रतिशत, ब्याजदर अन्तर (Spread Rate) ३.९८ प्रतिशत, कोषको लागत दर (Cost of Fund) ४.८९ प्रतिशत तथा प्रतिशेयर आम्दानी (Earning Per Share) रु.२१.७३ रहेको छ।

आ.व.२०८०/८१ को चौथो त्रैमाससम्मको समिक्षा अवधिमा बैंकले सन्तोषजनक प्रगति हासिल गर्न सफल भएको छ भने नेपाल राष्ट्र बैंकले निर्धारण गरेको सूचकाङ्कहरु परिपालना गर्न तथा प्रमुख परिसूचकहरुमा सुविधाजनक स्थिति कायम गर्न सफल भएको छ।

बैंकको उपरोक्त सफलताको लागि उल्लेखनीय योगदान पुर्‍याउनु हुने सम्पूर्ण निक्षेपकर्ता, कर्जा ग्राहक, शेयरधनी, नेपाल सरकार, कार्यरत कर्मचारी लगायत समग्र सरोकारवालाहरु प्रति बैंक हार्दिक धन्यवाद प्रकट गर्दछ साथै भविष्यमा अझै उत्कृष्ट सेवा प्रदान गर्दै उत्कृष्ट नतिजा हासिल गर्ने प्रतिवद्धता व्यक्त गर्दछ । उक्त वित्तीय विवरणहरु बैंकको website: www.rbb.com.np मा समेत राखिएको छ। ■

## राष्ट्रिय वाणिज्य बैंकद्वारा संघीय सांसदहरुलाई वित्तीय साक्षरता सम्बन्धी अभिमुखीकरण कार्यक्रम आयोजना






**काठमाडौं, २६ असार**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको आयोजनामा संघीय संसदका माननीय सदस्यहरुका लागि वित्तीय साक्षरता सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको छ। संघीय संसदको सहकार्य एवं विफक्याब संस्थाको समन्वयमा सम्पन्न भएको उक्त कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनाल, नेपाल राष्ट्र बैंकका पूर्व गभर्नर डा.चिरन्जिबी

बाँकी पृष्ट ५ ▶▶

# राष्ट्रिय वाणिज्य बैंकको एकैपटक देशको छ स्थानमा शाखा विस्तार

**काठमाडौं, ३० असार**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले देशको विभिन्न छ स्थानमा एकै पटक शाखा विस्तार गरी कारोबार शुभारम्भ गरेको छ। सुनसरी जिल्लाको हरिनगरा नगरपालिका वडा नः २, भुटाहा स्थित शाखा कार्यालय भुटाहा, काठमाडौं जिल्लाको काठमाडौं महानगरपालिका वडा नः २, लाजिम्पाट



स्थित शाखा कार्यालय लाजिम्पाट, काठमाडौं जिल्लाको काठमाडौं महानगरपालिका वडा नः ४, सुकेधारा स्थित शाखा कार्यालय सुकेधारा, कास्की जिल्लाको पोखरा महानगरपालिका वडा नः १, हरिचोक स्थित शाखा कार्यालय हरिचोक, रुपन्देही जिल्लाको तिलोत्तमा नगरपालिका वडा



नः ५, मणिग्राम स्थित शाखा कार्यालय मणिग्राम, बर्दिया जिल्लाको बढै याताल गाँउपालिका वडा नः ६, मैनापोखर स्थित शाखा कार्यालय मैनापो खर शाखा कार्यालयहरु विस्तार गरी कारोबार शुभारम्भ गरेको छ। यसपछि बैंकको शाखा कार्यालयहरुको संख्या २९४ पुगेको छ । साथै बैंकले स्याङ्जाको चापाकोट नगरपालिका वडा न. १० स्थित इसान बहुप्राविधिक शिक्षालयमा ७३ औं एक्स्टेन्सन काउन्टर समेत सञ्चालनमा ल्याएको छ। ■




# बैंकको विभागीय प्रमुख स्तरीय गोष्ठी सम्पन्न



**काठमाडौं, ५ साउन**

राष्ट्रिय वाणिज्य बैंक लि.को वार्षिक लक्ष्य, प्रगति, समीक्षा विभागीय प्रमुख स्तरीय गोष्ठी सम्पन्न भएका छन् । "आ.व.२०८०/०८१ को लक्ष्य, प्रगति, समीक्षा तथा आ.व.२०८१/०८२ को बजेट कार्यान्वयन रणनीतिक गोष्ठी" सम्पन्न भएका छन् । ललितपुरमा मिति २०८१ श्रावण ४ र ५ गते सम्पन्न भएको विभागीय प्रमुख स्तरीय गोष्ठीको उद्घाटन बैंक सञ्चालक समितिका अध्यक्ष दिलिपकुमार ढङ्गानाले एक समारोहका बीच गर्नुभएको थियो ।

सो अवसरमा मन्तव्य व्यक्त गर्दै अध्यक्ष दिलिपकुमार ढङ्गानाले अहिले अवसर र चुनौती दुबै छन् । निक्षेप अधिक छ र कर्जा लगानी अपेक्षाकृत छैन, पहिलो त्रैमासमा कर्जा लगानी बृद्धि गर्न सकिएमा बैंकले आगामी दिनमा राम्रो मुनाफा आर्जन गर्न सकिने बताउनुभयो । अध्यक्ष ढङ्गानाले मन्तव्यको क्रममा कर्जा अनुगमनलाई सुदृढीकरण गरेर एनपिए घटाउनुपर्ने, लेखापरीक्षणले औंल्याएका कैफियतहरु समयमै सुधार गरी जवाफ नपठाएको गुनासोहरुलाई सम्बोधन गर्नुपर्ने बताउनुभयो ।



दुई दिवसीय उक्त गोष्ठीको समुद्घाटन कार्यक्रम पश्चात बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले आ.व. २०८०/०८१ को बजेट कार्यान्वयन सम्बन्धी प्रस्तुतिकरण गर्नु भएको थियो । प्रस्तुतिकरणको क्रममा उहांले अहिले बैंकमा पदपूर्ति भएका कर्मचारीहरु क्षमतावान र नयां सोचका छन् उनिहरुलाई समयमै उपयोग गरिएन भने खिया लाग्न सक्छ । त्यसैले यी कर्मचारीहरुले बैंकको उद्धेश्य प्राप्तिमा जिम्मेवार ढङ्गले कार्य गर्नुपर्ने बताउनुभयो । उहांले चालु आ.व.को बजेटमा मुख्य रुपमा गुणस्तरमा जोड दिईने कार्यक्रम रहेको छ, बैंकको सम्पत्ति र मानव संशाधनमा पनि उल्लेख्य रुपमा गुणस्तरमा सुधार ल्याउनु पर्ने अहिलेको आवश्यकता हो भन्नुभयो । उहांले बैंकले अहिले खर्च कटौतीका क्षेत्रहरु खोजिरहेको बताउनुभयो । गैरकोषमा आधारित व्यवसायलाई बजारीकरण गरेर बैंकको मुनाफालाई बढाउनुपर्ने बताउदै जनताको सेवा पछिको नाफालाई प्राथमिकता दिनुपर्ने बताउनुभयो ।

बैंक सञ्चालक समितिका अध्यक्ष, बैंक व्यवस्थापन समितिका पदाधिकारीहरु, बैंकका २३ जना विभागीय प्रमुखहरु, सात जना प्रादेशिक प्रबन्धकहरु, मुख्य शाखा कार्यालय तथा कर्पोरेट शाखाका शाखा प्रबन्धकहरुको सहभागिता रहेको उक्त गोष्ठीमा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत सरस्वती अधिकारीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

गोष्ठीको बैंकको मुख्य शाखा कार्यालय तथा कर्पोरेट शाखाका शाखा प्रबन्धकहरु, सात जना प्रादेशिक कार्यालयका प्रादेशिक प्रबन्धकहरु, सबै विभागका बिभागीय प्रमुखहरुले आ-आफ्नो कार्यालयको तर्फबाट प्रस्तुतिकरण गर्नु भएको थियो । प्रस्तुतिकरणको समयमा बैंकका प्रमुख कार्यकारी अधिकृत, नायब प्रमुख कार्यकारी अधिकृतहरु, उपकार्यकारी अधिकृतहरु तथा विभागीय प्रमुखहरुले बिषयगत रुपमा बिभिन्न जिज्ञासाहरु राख्नु भएको थियो । सो जिज्ञासा उपर बैंकका प्रमुख कार्यकारी अधिकृतहरु तथा नायब प्रमुख कार्यकारी अधिकृतहरुले जवाफ दिनु भएको थियो । ■

# शाखा प्रबन्धक स्तरीय गोष्ठीहरु सम्पन्न




**काठमाडौं, २७ साउन**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको प्रादेशिक कार्यालय अन्तर्गत शाखा प्रबन्धक स्तरीय गोष्ठीहरु देशका विभिन्न स्थानहरुमा हालै सम्पन्न भएका छन । "आ.व.२०८०/०८१ को लक्ष्य, प्रगति, समीक्षा तथा आ.व.२०८१/०८२ को बजेट कार्यान्वयन रणनीतिक गोष्ठी" नाम दिईएको छ ।

वाग्मती प्रादेशिक कार्यालय अन्तर्गतको गोष्ठी काभ्रेपलाञ्चोक जिल्लाको धुलिखेलमा गत साउन ७ र ८ गते सम्पन्न भयो । वाग्मती प्रादेशिक कार्यालय अन्तर्गतका ७४ वटा शाखाका शाखा प्रबन्धकहरुको गोष्ठीमा सहभागिता रहेको थियो ।



कोशी प्रदेश



मधेश प्रदेश

यसैगरी कोशी प्रादेशिक कार्यालय अन्तर्गतको गोष्ठी मोरङ्ग जिल्लाको बिराटनगरमा गत साउन ११ र १२ गते सम्पन्न भयो । कोशी प्रादेशिक कार्यालय अन्तर्गतका ६२ वटा शाखाका शाखा प्रबन्धकहरुको गेष्ठीमा सहभागिता रहेको थियो ।

यसैगरी मधेश प्रादेशिक कार्यालय अन्तर्गतको गोष्ठी पर्सा जिल्लाको वीरगञ्जमा गत साउन १५ र १६ गते सम्पन्न भयो । मधेश प्रादेशिक कार्यालय अन्तर्गतका ३५ वटा शाखाका शाखा प्रबन्धकहरुको गोष्ठीमा सहभागिता रहेको थियो ।

यसैगरी गण्डकी प्रादेशिक कार्यालय अन्तर्गतको गोष्ठी कास्की जिल्लाको पोखरामा गत साउन १८ र १९ गते सम्पन्न भयो । गण्डकी प्रादेशिक कार्यालय अन्तर्गतका ३२ वटा शाखाका शाखा प्रबन्धकहरुको गोष्ठीमा सहभागिता रहेको थियो ।



वाग्मती प्रदेश

यसैगरी लुम्बिनी प्रादेशिक कार्यालय अन्तर्गतको गोष्ठी रुपन्देही जिल्लाको भैरहवामा गत साउन २१ र २२ गते सम्पन्न भयो । लुम्बिनी प्रादेशिक कार्यालय अन्तर्गतका ४१ वटा शाखाका शाखा प्रबन्धकहरुको गोष्ठीमा सहभागिता रहेको थियो ।




गण्डकी प्रदेश

यसैगरी कर्णाली प्रादेशिक कार्यालय अन्तर्गतको गोष्ठी सुर्खेत जिल्लाको सुर्खेतमा गत साउन २४ र २५ गते सम्पन्न भयो । कर्णाली प्रादेशिक कार्यालय अन्तर्गतका २५ वटा शाखाका शाखा प्रबन्धकहरुको गोष्ठीमा सहभागिता रहेको थियो ।

यसैगरी सुदूर पश्चिम प्रादेशिक कार्यालय अन्तर्गतको गोष्ठी कैलाली जिल्लाको धनगढीमा गत साउन २६ र २७ गते सम्पन्न भयो । सुदूर पश्चिम प्रादेशिक कार्यालय अन्तर्गतका २४ वटा शाखाका शाखा प्रबन्धकहरुको गोष्ठीमा सहभागिता रहेको थियो ।

बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले एक समारोहका बीच पानसमा दिप प्रज्वलन गरी गोष्ठीको उद्घाटन गर्नुभएको थियो । कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले गत आ.व.को लक्ष्य, प्रगति तथा चालु आ.व.को बजेट कार्यान्वयन सम्बन्धी मार्ग निर्देशन मन्तव्य व्यक्त गर्नु भएको थियो । मन्तव्यको क्रममा प्रमुख कार्यकारी अधिकृत खनालले अहिले

बैंकको सीडी रेसियो ६०



## लुम्बिनी प्रदेश

प्रतिशत हाराहारीमा छ । अहिलेको चुनौती भनेकै कर्जा लगानी बढाउने र कर्जाको गुणस्तरीयता कायम गर्ने हो । यसको लागि सबै शाखाहरुले



## सुदूर पश्चिम प्रदेश

आफ्नो लक्ष्य भित्र रहेर कर्जा, निक्षेप बढाउने र एनपिएको सीमा कायम गर्नु पर्दछ, दिएको लक्ष्य तपाईहरुले समयमा पुरा गर्न सक्नु भएन भने कार्य सम्पादनमा गणना हुनेछ । व्यवसाय गर्ने विभागहरुलाई समेत लक्ष्य दिइनेछ। उहांले लामो र छोटो अवधिका निक्षेपलाई सोही अनुसारका अवधिका लागि लगानी गर्ने र कर्मचारीहरुले काम गर्ने आफ्नो गतिलाई बढाउनुपर्ने बताउनुभयो । शाखा प्रबन्धकहरुलाई निर्देशन दिदैं उहांले हामीले हरेक कुरामा गुणस्तरीयता सुधारमा ध्यान दिनु पर्ने र हामीलाई लागेको एउटा आरोप सरकारी पाराको नकारात्मक ट्यागलाई जसरी पनि गुणस्तरीय सेवाको बजारीकरणको माध्यमबाट हटाउनु पर्ने बताउनुभयो । साथै उहांले वैदेशिक रोजगारीमा गएका युवाहरुलाई बैंकिङ्ग प्रणालीमा ल्याउनका लागि कार्य गर्नुपर्ने बताउनुभयो । उहांले राज्यले लिएको नीति नियमलाई सहयोग पुग्ने गरी कार्य गरेर देशको आर्थिक विकासमा योगदान गर्न सकिन्छ । जव सम्म उत्पादन हुदैन



## कर्णाली प्रदेश

तवसम्म त्यसको व्यापार हुदैन त्यसैले उत्पादनमुखी व्यवसायमा लगानी गरेर आय आर्जन बृद्धिमा सहयोग गर्न सकिन्छ । उहांले बैंकिङ्ग सेवालाई डिजिटल बैंकिङ्गद्वारा नागरिकको घर घरमा पुऱ्याउने बताउनु भयो ।

बैंकका नायब प्रमुख कार्यकारी अधिकृतहरु सरस्वती अधिकारी र देवेश प्रसाद लोहनी, उपकार्यकारी अधिकृतहरु विभागीय प्रमुखहरु, प्रादेशिक प्रबन्धकहरु सहित प्रादेशिक कार्यालयका कर्मचारीहरुको सहभागिता रहेको गोष्ठीहरुमा शाखा प्रबन्धकहरुले निर्धारित समयमा आ-आफ्नो शाखाको लक्ष्य, प्रगति, समीक्षा एंव चालु आ.व.को लक्ष्य सम्बन्धी पावर प्वाईन्टको माध्यमबाट प्रस्तुतिकरण गर्नु भएको थियो। प्रस्तुतिकरणको समयमा बैंकका उच्च व्यवस्थापनबाट शाखाका विषयमा जिज्ञासाहरु राख्नु भएको थियो भने शाखा प्रबन्धकहरुले सो जिज्ञासाहरुको जवाफ दिनुभएको थियो ।

दुई दिवसीय रुपमा सञ्चलित गोष्ठीको कार्यक्रम सञ्चालन ब्रान्च अपरेशन विभागका विभागीय प्रमुख आनन्द सुवेदीले गर्नु भएको थियो । ■




# राष्ट्रिय वाणिज्य बैंकको उप कार्यकारी अधिकृतमा राम कुमार थापा



**काठमाडौं, १० साउन**

राष्ट्रिय वाणिज्य बैंक सञ्चालक समितिको मिति २०८१।०४।०३ को निर्णय अनुसार मुख्य प्रबन्धक राम कुमार थापालाई बैंकको रिक्त रहेको तह ११ को उप कार्यकारी अधिकृत पदमा बढुवा गरिएको छ। २०५४ सालमा शाखा अधिकृत(तह ७) को रुपमा तत्कालिन एनआइडिसी डेभलपमेन्ट बैंक(हाल राष्ट्रिय वाणिज्य बैंकमा गाभिएको)मा सेवा प्रवेश गर्नुभएका थापाले व्यवस्थापन विषयमा एमफिल उत्तीर्ण गर्नुभएको छ। ■

# रा.वा. बैंक कर्मचारी संघ नेपालको ३५ औ वार्षिकोत्सब विविध कार्यक्रमका बीच सम्पन्न

**काठमाडौं, ६ साउन**

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालको ३५ औं वार्षिकोत्सव कार्यक्रम विविध कार्यक्रमका बीच सम्पन्न भएको छ । नेकपा एमालेका उपाध्यक्ष एवं पूर्व अर्थमन्त्री सुरेन्द्रप्रसाद पाण्डले एक समारोहका बीच ३५ औं वार्षिकोत्सब मूल कार्यक्रमको समुदघाटन गर्नुभयो । सो अवसरमा उपाध्यक्ष एवं पूर्व अर्थमन्त्री सुरेन्द्रप्रसाद पाण्डेले बोनस तथा कर लयागतका विषयमा कर्मचारी प्रति असमान रहेका विषयमा सरकारले सहयोगपूर्ण रुपमा हेर्ने नीति लिनुपर्ने बताउनुभयो । उहाँले जनताको सेवा गर्दा कर्मचारीले आफुले पाउनुपर्ने सुविधा डटेर लिनुपर्ने बताउनुभयो ।

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालका अध्यक्ष लक्ष्मीप्रसाद पाण्डेयको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा पाण्डेयले कर्मचारीहरुको तर्फबाट उचित ढङ्गले राखिएका सम्पूर्ण मागहरु व्यवस्थापनले सम्बोधन गर्नुपर्ने अन्यथा ट्रेड युनियन ऐन अनुसार अगाडि बढ्ने बताउनुभयो । सो कार्यक्रममा पेशागत महासंघ नेपालका अध्यक्ष पुण्यप्रसाद ढकालेले आफ्नो हक हितको लागि उठाइएका माग प्रति महासंघ सँधै साथमा रहेको बताउनुभयो । कार्यक्रममा नेकपा




एमाले उपत्यका विशेष प्रदेश कमिटीका अध्यक्ष प्रेमकुमार पराजुली, बैंक, बीमा तथा वित्तीय क्षेत्र कर्मचारी संघ (विफु) नेपालका अध्यक्ष धर्मराज मैनाली, बैंक सञ्चालक समितिका अध्यक्ष दिलिपकुमार ढुङ्गाना, प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनाल, कर्मचारी संघ नेपालका पूर्व अध्यक्ष कमल खरेल, नेपाल राष्ट्र बैंक कर्मचारी संघका अध्यक्ष गीता पोखरेल, नेपाल वित्तीय संस्था कर्मचारी संघ रावा बैंकका अध्यक्ष ईश्वर बहादुर सिंह, नेपाल राष्ट्रिय कर्मचारी संगठन रावा बैंकका अध्यक्ष दिपेन्द्र कार्कीले शुभकामना मन्तव्य ब्यक्त गर्नुभएको थियो । कार्यक्रममा पेसागत हक, हित तथा सस्थाको सम्बर्द्धनका विषयहरु उठान गरिएको थियो ।

वार्षिकोत्सवको अवसरमा रा.वा. बैंकको केन्द्रीय कार्यालय परिसरमा लक्ष्मीप्रसाद पाण्डेयले संघको झण्डोत्तलन र वृक्षारोपण गर्नुभएको थियो । संघका विभिन्न प्रदेश समितिहरुमा समेत विविध कार्यक्रम गरी वार्षिकोत्सव कार्यक्रम मनाइएका छन् । गत साउन ४ गते आयोजित रक्तदान कार्यक्रममा ७५ जना बैंक कर्मचारीहरुले रक्तदान गर्नुभएको थियो । कार्यक्रममा सुदूर पश्चिम प्रादेशिक समितिलाई कार्यसम्पादन मुल्याङ्कनमा उष्कृष्ठ भएपावत रनिङ्गशिल्ड प्रदान गरिएको थियो । वार्षिकोत्सवको अवसरमा संघले राष्ट्रिय वाणिज्य बैंकमा कर्मचारीहरुको उत्पादकत्व विषयमा कर्मचारीहरु बीचमा निबन्ध प्रतियोगिता आयोजना गरेको थियो । निबन्ध प्रतियोगितामा महेशराज भट्ट प्रथम, भावना शर्मा द्वितीय र रुद्रप्रसद अधिकारी तथा राकेशकुमार राय तृतीय हुनुभएको थियो । साथै उक्त अवसरमा म्युजिकल चेयर खेल प्रतियोगिता सञ्चालन गरिएको थियो । सो खेलमा प्रथम बसन्ता पन्थी, द्वितीय अनिषा खनाल र तृतीय दिक्षा खड्का हुनुभएको थियो । विजयी प्रतियोगीहरुलाई प्रमुख अतिथिबाट पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको थियो । संघको वार्षिकोत्सवको अवसरमा महिला कर्मचारीहरुको स्वास्थ्यललाई ध्यानमा राखेर बैंकको केन्द्रीय कार्यालय परिसरमा सेनीटरी प्याड भेन्डिङ्ग मेसीन सञ्चालनमा ल्याइएको छ । संघले वार्षिकोत्सवकै अवसरमा बरिष्ठ मुटु रोग विशेषज्ञ डा.ओम मुर्ती अनिलसँग अनलाइनबाट स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रमको आयोजना समेत गरेको थियो ।

कर्मचारी संघ नेपालका महासचिव रबिन्द्रप्रसाद चौलागाईंले संचालन गर्नुभएको उक्त कार्यक्रममा बरिष्ठ उपाध्यक्ष बद्रीप्रसाद तिमिल्सनाले स्वागत मन्तब्य व्यक्त गर्नुभएको थियो । कार्यक्रममा संघका पूर्व अध्यक्षहरु, विभिन्न प्रतिष्ठानस्तरका ट्रेड युनियनका अध्यक्षहरु, बैंकका नायब प्रमुख कार्यकारी अधिकृतहरु, उपकार्यकारी अधिकृतहरुहरु, विभागीय प्रमुखहरु, उप्रमुखहरु, शाखा प्रबन्धकहरु, संघका पदाधिकारीहरु लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

## राष्ट्रिय वाणिज्य बैंकद्वारा संघीय सांसदहरुलाई वित्तीय...

नेपाल र नेपाल बैंकर्स संघका पूर्व अध्यक्ष भुवनकुमार दाहालले माननीय संघीय सांसदहरुलाई वित्तीय साक्षरताको बारेमा स्रोत व्यक्तिको रुपमा सहजीकरण गर्नुभएको थियो ।

उक्त कार्यक्रममा प्रतिनिधि सभाका माननीय उपसभामुख इन्दिरा रानाले यस्तो कार्यक्रमको आवश्यकता बढेको बताउँदै वित्तीय साक्षरतालाई विद्यालय तहको पाठ्यक्रममा राख्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत खनालले रा.वा.बैंकको वर्तमान अवस्था एवं बैकले अर्थतन्त्रमा गरेको योगदानको बारेमा प्रकाश पार्नु भएको थियो । नेपाल राष्ट्र बैंकका पूर्व गभर्नर नेपालले वित्तीय नीति, मौद्रिक नीति तथा अन्य आर्थिक मुद्धाका बारेमा तथा नेपाल बैंकर्स संघका पूर्व अध्यक्ष दाहालले व्यक्तिगत वित्तपोषण र बजेटिङ्गका बारेमा प्रकाश पार्नुभएको थियो ।

उक्त कार्यक्रममा पैसाको महत्व, पैसाको आदर्शतम उपयोग, मुद्राको महत्व, ब्याजदर, बैंक, उत्पादन र रोजगारी बीचको सम्बन्ध लगायतका विषयमा संघीय सांसदहरुले जिज्ञासा राख्नुभएको थियो ।

उक्त कार्यक्रममा संघीय संसद सचिवालयका सचिव सुदर्शन खड्का, उपसचिव नागेन्द्र चौधरी, बैंकका उपकार्यकारी अधिकृत पवन रेग्मी, विभागीय प्रमुख आनन्द सुवेदी, विफक्याब संस्थाका प्रमुख मनोज रेग्मी लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।



# आर.वि.वि.सेक्युरिटिज कम्पनीको धितोपत्र व्यवसायको व्यावसायिक कारोबार (धितोपत्र दलाल) को शुभारम्भ

**काठमाडौं, २६ असार**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको पूर्ण स्वामित्वमा स्थापित सहायक कम्पनी आर.वि.वि.सेक्युरिटिज कम्पनी लिमिटेडको धितोपत्र व्यवसायको व्यावसायिक कारोबार(ब्रोकर) मिति २०८१ असार २६ गते बाट सञ्चालनमा आएको छ।

धितोपत्र दलालको रुपमा ग्राहकहरुलाई उच्चस्तरीय ब्रोकरेज सेवाहरु प्रदान गर्ने लक्ष्य राखेका आर.वि.वि. सेक्युरिटिज कम्पनी लिमिटेडको कुल चुक्ता पुँजी २० करोड रुपैंया रहेको छ। सीमित कार्य गर्ने धितोपत्र दलालको रुपमा नेपाल धितोपत्र बोर्डबाट २०८० श्रावण ३२ गते स्वीकृति प्राप्त गरेको आर.वि.वि. सेक्युरिटिज कम्पनी लिमिटेडको वि.सं. २०८० माघ ३ गते मा नेपाल स्टक एक्सचेन्जबाट सदस्यता नम्बर ९७ प्राप्त गरेको थियो । त्यसैगरी सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेबाट २०८० माघ २३ मा राफसाफ सदस्यता समेत प्राप्त गरिसकेको छ। ग्राहकहरुलाई गुणस्तरीय सेवा प्रदान गर्ने प्रतिबद्धताका साथ कारोबार सञ्चालनमा ल्याएको कम्पनीले धितोपत्र कारोबारसहित अन्य विशिष्टकृत सेवा प्रदान गर्ने उद्देश्य राखेको छ। कम्पनीले प्रारम्भिक चरणमा ग्राहकहरुलाई धितोपत्र कारोबार सेवा प्रदान गर्ने र भविष्यमा नियामक निकायवाट अनुमति प्राप्त गरी मार्जिन, थोक कारोबार तथा अन्य पुँजीबजार सम्बन्धी सेवाहरु प्रदान गर्नेछ।



वित्तीय क्षेत्रमा लामो समयदेखि नेतृत्वदायी भूमिकामा रहेका व्यक्तित्वहरुको सञ्चालक समितिवाट निर्देशित आर.वि.वि. सेक्युरिटिज कम्पनी लिमिटेडले आफ्ना ग्राहकहरुलाई उत्कृष्ट सेवा प्रदान गर्दै धितोपत्र दलाल सेवाको लागि अग्रणी कम्पनी बन्ने लक्ष्य राखेको छ। दरवारमार्ग, काठमाडौंमा रहको कार्यलयबाट कम्पनीले हाल आफ्नो सेवाहरु प्रदान गर्दै आएको छ। ■

## ब्रान्च प्रोफाइल

(आ.व. २०७९।०८० मा विशिष्ट तथा क वर्गका शाखा कार्यालयहरु मध्येबाट उत्कृष्ट द्वितीय)

### शाखा कार्यालय बालाजु (११९)



कुल निक्षेप = रु. ३,६६,७३,८४,२६३।११
कुल कर्जा = रु.३,४४,६४,८१,४४४।९५
कुल मुनाफा = रु. १२,७५,२९,०५८।१०
कुल कर्मचारी संख्या = १४ जना
निष्कृया कर्जा प्रतिशत = १।३५ प्रतिशत
शाखा प्रबन्धक महेन्द्र गुरुङ्ग

**सफलताको रहस्य :**

सदैब ग्राहक तथा सेवाग्राही प्रति जिम्मेबारी पूर्वक गुणस्तरीय सेवा प्रवाहमा दत्तचित्त हुँदै कर्मचारीहरु बीच सुमधुर सम्बन्ध तथा समन्वयमा सामुहिक कार्यसम्पादन। ■

## समवेदना

यस बैंकका मु.शा.का. मा कार्यरत बरिष्ठ सहायक प्रशन्ना दत्त (१२०६०) की सासु गीतादेबी दास, शा.का.सिमरामा कार्यरत सुरक्षागार्ड(क.) चन्द्रबहादुर खत्री (११३२०) का पिता लालबहादुर खत्री, शा.का. बिराटनगर कार्यरत सुरक्षागार्ड(क.) लालबहादुर बस्नेत (११२७५) का पिता रामबहादुर बस्नेत, शा.का. कटहरिमा कार्यरत बरिष्ठ सहायक मदन मेहता (१२८६३) का पिता रामदेव मेहता, शा.का.भरतपुरमा कार्यरत सहायक प्रबन्धक शैलता बराल (१०५७२) की सासु शारदादेवी बराल, शा.का.त्रिभुवनचोकमा कार्यरत सहायक सुमित्रा खड्का (१३१८९) का सासुरा नरबहादुर भण्डारी, के.का.वित्त विभागमा कार्यरत बरिष्ठ सहायक सपना कोजु (१२३५४) की सासु निरमाया डंगोलको केही पहिले निधन भएकोमा दिवंगत आत्माहरुको चिर शान्तिको कामना सहित समवेदना प्रकट गर्दछौं।

राष्ट्रिय वाणिज्य बैंक लि. RASTRIYA BANIJYA BANK LTD. ...तपाईको आफ्नै बैंक

**राष्ट्रिय वाणिज्य बैंक लि. परिवार**

**प्रकाशक**
**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड**
प्रमुख कार्यकारी अधिकृतको कार्यालय
सिंहदरबारप्लाजा, काठमाडौं, फोनः ०१-५७२१२२०, Ext. २४२३
ई-मेलः rbbnl@rbb.com.np
वेबसाइटः www.rbb.com.np

**प्रमुख सल्लाहकार**
**देवेन्द्ररमण खनाल**
प्रमुख कार्यकारी अधिकृत

**सल्लाहकार**
**देवेश प्रसाद लोहनी**
नायव प्रमुख कार्यकारी अधिकृत तथा सूचना अधिकारी

**सम्पादक**
**ईश्वर उप्रेती**

**डिजाइन**
**राजु तामाङ**